कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
(शेयरहरुमा सीमित दायित्व भएको)

# नेपाल एसबिआई बैंक लि. को
# प्रबन्धपत्र

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम "नेपाल एसबिआई बैंक लिमिटेड" हुनेछ, जसलाई अंग्रेजीमा "Nepal SBI Bank Ltd." भनिनेछ (जसलाई यसपछि "बैंक" भनिएको छ) ।

२. **बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय रहने ठेगाना :**

(१) यस बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय वाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १, नेपालमा रहनेछ ।

(२) यस बैंकको कारोबार गर्ने स्थान नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार नेपाल भित्र र वाहिरका विभिन्न स्थानहरु हुनेछन् । बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आफ्ना शाखा, उपशाखा, एक्सटेन्सन् काउण्टर, आउटलेट, सम्पर्क कार्यालय आदिको माध्यमबाट नेपालभित्र वा वाहिरका विभिन्न स्थानमा आफ्नो कारोबार संचालन गर्नेछ ।

३. **बैंकका मुख्य उद्देश्यहरू :**

(१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन, प्रचलित कम्पनीसम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधीनमा रही वित्तीय कारोबार गर्ने यस बैंकका मुख्य उद्देश्यहरू देहायबमोजिम हुनेछन् :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रूपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिकालागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पुँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र त्यस कार्यकोलागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणकालागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) मुलूकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

(२) बैंकले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपी कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिने छ

४. **बैंकको उद्देश्यप्राप्तिकालागि गरिने कामहरू :**
यस बैंकले माथि दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुनबमोजिम "क" वर्गको बैंक तथा वित्तीय संस्थाको रुपमा रही प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन, प्रचलित कम्पनीसम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधीनमा रही देहायबमोजिमका कार्यहरू गर्न सक्नेछः

(क) ब्याज वा विनाब्याजमा निक्षेप स्वीकार गर्ने, मुद्दती, चल्ती, बचत, कल, मार्जिन, एस्क्रो, पुनरावर्तक (रिकरिंग) तथा अन्य विभिन्न निक्षेप खाताहरू खोल्ने र त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ख) कम्पनीले आवश्यक वा उपयुक्त ठानेको कुनै अचल वा चल सम्पत्ति, अधिकार वा सुविधाहरू खरीद गर्ने, भाडा, बन्धक, इजाजतपत्रबाट वा अन्य कुनै किसिमबाट प्राप्त गर्ने तथा निर्माण, संभार वा परिवर्तन गर्ने तथा कम्पनीको प्रयोजनकालागि वाञ्छनीय र उपयुक्त ठानिएको तरिकामा त्यसको विकास, बिक्रीवितरण तथा कारोबार गर्ने,

(ग) नेपाल राष्ट्र बैंकले समयसमयमा तोकेको तरिकाअनुसार जमिन, भवन वा अन्य कुनै सम्पत्तिको धितोमा वा धितोविना वा बैंकलाई मान्य हुने अन्य कुनै सम्पत्तिको धितो वा सुरक्षणमा कृषि, उद्योग, व्यापारको प्रयोजनका साथै हायरपर्चेज, हाईपोथिकेशन, लिजिङ्ग, हाउसिङ्ग तथा सेवा वा अन्य कुनै व्यवसायकालागि कर्जा तथा वित्तीय सुविधा प्रदान गर्ने,

(घ) आफ्ना ग्राहकहरूलाई प्रदान गरेको कर्जा वा वित्तीय सुविधालाई सुरक्षित गराउनकोलागि मार्जिनबापत थप चल वा अचल सम्पत्तिको धितो वा थप सुरक्षण लिने,

(ङ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेन्ट बैंकिङ्ग कारोबार गर्ने,

(च) प्रतितपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट, बण्ड, हुण्डी वा अन्य वित्तीय उपकरणहरू निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, रिडिम गर्ने, डिस्काउण्ट गर्ने, नेगोसिएट वा खरिदबिक्री गर्ने,

(छ) प्रचलित कानुनको अधीनमा रही विदेशी विनिमयको कारोबार गर्ने,

(ज) आफुले पत्याएका व्यक्तिहरूलाई अधिविकर्ष (ओभर ड्राफ्ट) सुविधा दिने,

(झ) धितो वा विनाधितोमा स्थानीय वा विदेशी स्रोतहरुबाट ऋण लिने,

(ञ) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसँग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणकालागि आवश्यकताअनुसार शर्त गराउने,

(ट) बैंकबाट लिइएको कर्जा जुन प्रयोजनकोलागि लिइएको हो सोही प्रयोजनकोलागि लगाइएको छ वा छैन सो बुझ्नकोलागि जाँचबुझ गर्ने,

(ठ) आफुकहाँ पहिले नै धितो वा सुरक्षण रहिसकेको चल अचल सम्पत्तिको मुल्यले खामेसम्मको रकम पुनः एकै पटक वा पटकपटक गरी कर्जा वा

वित्तीय सूविधा दिने वा अन्य बैंक तथा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पूनः धितो वा सुरक्षणमा त्यसको मुल्यले खामेसम्मको रकम पूनः एकैपटक वा पटकपटक गरी कर्जा वा वित्तीय सूविधा दिने,

(ड) कम्पनीको जायजेथाको बिक्री, खरीद वा बहाल (पट्टा) मा दिनकोलागि उचित प्रबन्ध गर्ने,

(ढ) प्रतीतपत्र (लेटर अफ क्रेडिट) जारी गर्ने, समर्थन गर्ने वा त्यससम्बन्धमा सुचना दिने, त्यसअन्तर्गत खिचिएको विनिमयपत्रको निगोसिएट गर्ने वा जम्मा गर्ने,

(ण) नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा नेपाल राष्ट्र बैंकको एजेण्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोबारलगायत अन्य कारोबार गर्ने,

(त) ग्राहकको तर्फबाट नेपालभित्र वा बाहिरका विभिन्न स्थानहरूमा नगदमा वा विनिमयपत्र, यात्रुचेक, ड्राफ्ट, हुण्डी, चेक वा अन्य वित्तीय उपकरण तथा अन्य माध्यमद्वारा रकम पठाउने वा चलान गर्ने; सून, चाँदी, शेयर, डिबेन्चर, बण्ड आदि खरिद बिक्री गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड आदिको ब्याज असुलउपर गर्ने,

(थ) ग्राहकको तर्फबाट कमिशन एजेन्टको हैसियतमा लिमिटेड कम्पनीको शेयर, डिबेन्चर वा सूरक्षणहरू जिम्मा लिने, खरीद बिक्री गरीदिने, शेयर, डिबेन्चर वा सूरक्षणहरूबाट प्राप्त हूने लाभांश, ब्याज आदि उठाउने; त्यसको ब्याज, लाभांश वा मुनाफा नेपाल वा नेपालबाहिरका ठाउँठाउँमा पठाउने वा चलान गर्ने तथा कूनै जग्गा जमिन वा अन्य सम्पत्तिको व्यवस्थापनकालागि सूप्रबन्ध गर्ने, त्यसबाट प्राप्त आम्दानी जम्मा गर्ने तथा त्यसको नेपाल वा नेपालबाहिर भूक्तानी पठाउने,

(द) नेपाल राष्ट्र बैंकले अनूमति दिएमा बैंकिङ्ग व्यवसायलाई वा उद्योग व्यवसायलाई सघाउ पूऱ्याउने अन्य प्रकारका व्यवसायमा संलग्न रहने,

(ध) सूरक्षित कक्ष (सेफ डिपोजिट भल्ट) को व्यवसाय संचालन गर्ने तथा सर्वसाधारणलाई त्यसको प्रयोग गर्न अनुमति दिने,

(न) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको धितोपत्र वा वित्तीय उपकरणहरू खरिद बिक्री गर्ने, सकार गर्ने र त्यसको दरपिठ गर्ने,

(प) अधिकृत, कर्मचारी, विशेषज्ञ, सल्लाहकार, परामर्शदाता, लेखापरीक्षक, कानुनी सल्लाहकार नियूक्त गर्ने तथा तिनीहरूलाई उपयूक्त पारिश्रमिक दिने,

(फ) बैंकका भुतपुर्व वा वर्तमान कामदार वा कर्मचारीहरू तथा तिनीहरूका आश्रित पति वा पत्नी तथा छोराछोरीहरूलाई फाइदा पुग्ने कूनै संघ, संस्था, कोष, गूठी तथा सूविधाको प्रबन्ध गर्ने तथा तिनीहरूको स्थापना गर्ने वा स्थापना गर्न सहयोग वा सहायता पूऱ्याउने,

(ब) बैंकका भुतपुर्व वा वर्तमान कामदार तथा कर्मचारीहरूको कल्याण तथा फाइदाकोलागि संचयकोष, उपदान, निवृत्तिभरण तथा अन्य कोषहरू तथा तिनीहरूसँग सम्बद्ध अन्य कूनै पनि कूराहरूको स्थापना गर्ने,

(भ) कम्पनीले उपयूक्त ठहऱ्याएको मुल्यबापत कम्पनीको कूनै सम्पत्ति, अण्डरटेकिङ्ग वा त्यसको कूनै भाग बिक्री गर्ने वा कूनै बेहोराले तह लगाउने,

(म) जायजेथाको वितरण वा मुनाफाको विभाजनको रूपमा कम्पनीको कुनै पनि सम्पत्तिलाई सदस्यहरूबीच जिन्सीको रूपमा वा अन्य प्रकारबाट वितरण गर्ने,

(य) बैंकको संस्थापना, संचालन, प्रबन्ध, विज्ञापन, प्रचारप्रसार, बजारविस्तार तथा व्यवसाय प्रवर्द्धनकालागि खर्च गर्ने वा शूल्क तिर्ने,

(र) बालबालिका, असहाय, मानसिक वा शारीरिक रूपले अशक्त व्यक्ति, विपन्नसमूदाय वा कुनै खास समूदायका व्यक्तिलगायत विभिन्न व्यक्ति तथा संघसंस्थाहरूलाई दानदातव्य, उपहार, छात्रवृत्ति वा अन्य आर्थिक सहायता प्रदान गर्ने,

(ल) बैंकको व्यवसाय संचालन, कर्मचारीहरूको नियूक्ति, सरुवा, बढुवा, पारिश्रमिक, भत्ता, सूविधा, कार्यालयीय कार्यविधि, कर्मचारीहरूका सेवाका शर्तहरूलगायत अन्य सम्पुर्ण विषयहरूमा आवश्यक नीति–नियम, विनियम आदि तर्जूमा गर्ने तथा उपयूक्त निकायको स्वीकृति लिई लागु गर्ने,

(व) परियोजना स्थापना, संचालन र मुल्याङ्कनसम्बन्धी अध्ययन, अनूसन्धान, सर्भेक्षण, विश्लेषण, अनूगमन, निरीक्षण गर्ने गराउने तथा तालिम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,

(श) परियोजनाको प्रवर्द्धनकालागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रूपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने,

(ष) संचालकसमितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,

(स) प्रचलित कानुनको अधीनमा रही आफ्नो शेयर आफैं खरिद गर्ने,

(ह) आवश्यकताअनूसार नेपाल राष्ट्र बैंकबाट पून:कर्जा लिने वा अन्य बैंक तथा वित्तीय संस्थाबाट/लाई कर्जा लिने दिने,

(क्ष) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही क्रेडिट कार्ड, डेविट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरू जारी गर्ने, स्वीकार गर्ने र त्यससम्बन्धी कार्य गर्न एजेण्ट नियूक्त गर्ने,

(त्र) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्यूटर वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्यूतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भूक्तानी दिने, रकमान्तर गर्ने,

(ज्ञ) अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिन वा अन्य विद्यूतीय साधन वा उपकरणको माध्यमबाट निक्षेप लिने, भूक्तानी दिने र कर्जा दिने,

(कक) अन्य कूनै बैंक तथा वित्तीय संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने,

(खख) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र त्यसबापत ग्राहकसँग आवश्यक शर्त गराउने, सूरक्षण लिने, निजको चल अचल सम्पत्ति धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

(गग) नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पुँजी परिचालन गर्ने,

(घघ) प्रचलित कानुनको अधीनमा रही विद्यूतीय बैंकिङ्ग (E-banking) कारोबार गर्ने,

(ङङ) अन्य बैंक तथा वित्तीय संस्थासँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारिपासु) गर्ने गरी आपसमा भएको संझौताअनुसार संयूक्त रूपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने,

(चच) स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,

(छछ) नेपाल राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलातबाहिरको कारोबार गर्ने,

(जज) विपन्न वर्ग, न्युन आय भएका परिवार, दैवीप्रकोपपीडित तथा देशको कूनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानकोलागि व्यक्तिगत वा सामुहिक जमानीमा नेपाल राष्ट्र बैंकले तोकेबमोजिमको रकमसम्म कर्जा दिने,

(झझ) बैंक तथा अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सुचना वा जानकारी नेपाल राष्ट्र बैंक वा अन्य कूनै इजाजतपत्रप्राप्त संस्थाबीच लिने दिने,

(ञञ) प्राविधिक, व्यवस्थापकीय वा बैंकको कार्य संचालनकालागि आवश्यक पर्न सक्ने अन्य कूनै प्रकारको सहयोगका सम्बन्धमा स्थानीय वा विदेशी व्यक्तिविशेष, बैंक, वित्तीय संस्था, कम्पनी, संघसंस्था, निकाय (Entity) वा व्यक्तिसँग प्राविधिक सेवा संझौता, व्यवस्थापनकरार वा अन्य कूनै संझौताहरू गर्ने,

(टट) अन्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन करारमा लिई त्यसको संचालन गर्ने,

(ठठ) प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरूको लागि मात्र वीमा अभिकर्ताको रूपमा कार्य गर्नुका साथै नेपाल राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने, र

(डड) माथि उल्लिखित कूनै वा सबै कार्यहरू पुरा गर्न तथा वाणिज्य बैंकहरूद्वारा सामान्य रूपमा गरिनुपर्ने काम पुरा गर्नलाई चाहिने अन्य सबै कार्यहरू गर्ने ।

५. बैंकको पुंजीको संरचना :

(१) बैंकको पुंजीको संरचना देहायबमोजिम हूनेछ:

(क) बैंकको अधिकृत पुंजी रु. २,००,००,००,०००/- ( दुई अरब रुपैयाँ) हूनेछ । जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले २ ,००,००,००० (दुई करोड) साधारण शेयरमा विभाजन गरिएकोछ ।

(ख) बैंकको जारी पुंजी रु. १,३११,७९१,७६०/- एक सय एकतीस करोड सत्र ँ) हूनेछ ।

(ग) बैंकको चूक्ता पूंजी रु. ८७,४५,२७,८४०/- (सतासी करोड पैंतालिस लाख सत्ताइस हजार आठ सय चालिस रुपैयाँ) हूनेछ ।

(२) बैंकको जारी पूंजीको समुहगत शेयरस्वामित्व देहायअनूसार हूनेछ:

(क) संस्थापक शेयरधनीहरूलाई समुह "क" मा वर्गिकरण गरिएको छ । हाल यो समुहको शेयरस्वामित्व ७० प्रतिशत हूनेछ र यस समुहमा

तल उल्लिखित शेयरधनीहरूको निम्न बमोजिमको शेयरस्वामित्व प्रतिशत रहनेछ:

| | नाम | प्रतिशत |
|---|---|---|
| क) | स्टेट बैंक अफ इण्डिया (एस.बि.आई) | ५०% |
| ख) | कर्मचारी संचय कोष | १५% |
| ग) | कृषि विकास बैंक | ५% |

(ख) सर्वसाधारणमा जारी गरिने शेयरका शेयरधनीहरूलाई समुह "ख" मा वर्गीकरण गरिएको छ । हाल यस समुहको शेयरस्वामित्व जम्मा शेयरको ३० प्रतिशत हुनेछ । यस समुहको शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्टयाई संचालकसमितिको निर्णयबमोजिम बिक्रीवितरण गर्न सकिनेछ ।

(३) माथि उपदफा (२) मा परिभाषित गरिएका दुवै समुहका शेयरधनीहरूलाई प्रचलित कम्पनीसम्बन्धी कानुनबमोजिम कम्पनीको साधारण शेयरमा निहित हक, अधिकार प्राप्त हुनेछ ।

(४) कुनै एक समुहको शेयर खरिद (धारण) गर्ने व्यक्ति वा संस्थालाई सोही समुहमा वर्गीकरण गरिनेछ ।

(५) नेपाल राष्ट्र बैंकको पुर्वस्वीकृति लिई प्रचलित कम्पनीसम्बन्धी कानुन, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधीनमा रही बैंकले आफ्नो पूंजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

(६) नेपाल राष्ट्र बैंकले पूंजी बढाउनकालागि बैंकलाई निर्देशन दिएमा त्यस्तो निर्देशनबमोजिम प्रचलित कानुनको अधीनमा रही बैंकले आफ्नो पुंजी बढाउनूपर्नेछ ।

६. **<u>बैंकको शेयरको किसिम :</u>** हाल बैंकका सबै शेयरहरू साधारण शेयर रहनेछन् । बैंकले भविष्यमा पुंजीको आवश्यकता एवं त्यसको पर्याप्तताका आधारमा प्रचलित कानुनबमोजिम साधारणसभामा प्रस्ताव पारित गरी तथा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई फिर्ता हुने (रिडिमेबल), फिर्ता नहुने (इरिडिमेबल) तथा अन्य प्रकारका अग्राधिकार शेयरहरू जारी गर्न सक्नेछ ।

७. **<u>शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज :</u>** शेयर खरिद वा हस्तान्तरण गर्न बन्देजसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ:

(क) नेपाल राष्ट्र बैंकको पुर्वस्वीकृति नलिई बैंकको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिनेछैन ।

(ख) नेपाल राष्ट्र बैंकको पुर्वस्वीकृति नलिई संस्थापक र सर्वसाधारण समुहको शेयरस्वामित्व अनुपातमा परिवर्तन गरिनेछैन ।

(ग) बैंकले कारोबार संचालन गरेको पाँच वर्ष पुगेपछि यदि बैंकका कुनै संस्थापकले आफ्ना नाममा दर्ता रहेको शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहेमा नेपाल राष्ट्र बैंकको पुर्वस्वीकृति लिनुपर्नेछ । तर कुनै संस्थापक शेयरधनीले आफ्ना नामको शेयर हक छोड्न वा हस्तान्तरण गर्न चाहेको

खण्डमा पहिलो प्राथमिकता जुन समुहको शेयर हो सोही समुहका शेयरधनीहरूलाई दिनुपर्नेछ । त्यस समुहको कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालकसमितिको निर्णयबमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

(घ) कुनै पनि व्यक्तिले कम्पनीको कूल चुक्ता पुँजीको ०.५० प्रतिशतभन्दा बढी र १० शेयरभन्दा घटी शेयर लिन पाउनेछैनन् । तर, यो बन्देज हकप्रद शेयर र बोनस शेयरको हकमा लागु हुनेछैन । अधिकतम शेयर धारणसम्बन्धी बन्देज भने संस्थापकहरूको हकमा लागु हुनेछैन ।

(ङ) बैंकले आफ्नो शेयर खरिदकालागि सर्वसाधारणबाट दरखास्त आव्हान गर्दा दरखास्तसाथ आफ्नो शेयरको अंकित मुल्यको शतप्रतिशत रकमको भुक्तानी माग गर्नेछ ।

(च) बैंकले आफ्नो शेयर आफैं खरिद गर्दा प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन तथा प्रचलित कम्पनीसम्बन्धी कानुनको व्यवस्थाको अधीनमा रही गर्नेछ ।

(छ) बैंकका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा बैंकको व्यवस्थापन तथा लेखासम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक वा बैंकको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवार वा आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न गराउन, गर्नदिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

तर नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिबन्ध लागु हुनेछैन ।

(ज) कसैले माथि खण्ड (छ) को विपरीत काम गरेमा त्यस्तो शेयर बैंकले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालकसमितिले उचित ठहऱ्याएको किसिमबाट बिक्रीवितरण गर्न सक्नेछ ।

(झ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देजसम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन, प्रचलित कम्पनीसम्बन्धी कानुन, प्रचलित धितोपत्र कारोबारसम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनमा उल्लेख भएबमोजिम हुनेछ ।

८. <u>शेयरको रकम भुक्तानीका शर्तहरू :</u> शेयरको रकम भुक्तानीसम्बन्धी शर्तहरू देहायबमोजिम हुनेछः

(क) बैंकले आफ्नो शेयर खरिदकालागि सर्वसाधारणबाट दरखास्त आहवान गर्दा शेयरको अंकित मुल्यको सतप्रतिशत रकम दरखास्तसाथ माग गर्नेछ ।

(ख) शेयरधनीहरूले शेयरबापतको रकम निर्धारित समयमा बुझाउनुपर्नेछ ।

(ग) बैंकको शेयरको रकम भुक्तानीका अन्य शर्तहरू प्रचलित कम्पनी तथा धितोपत्रसम्बन्धी कानुनमा तोकिएबमोजिम हुनेछ ।

९. <u>अन्य आवश्यक कुराहरू :</u>

(१) बैंकको संस्थापना गर्दा लागेको खर्च बैंकले नै बेहोर्नेछ ।
(२) बैंकको शेयरबापतको रकमको भुक्तानी नगदमा नै गर्नुपर्नेछ ।
(३) बैंकले काम शुरू गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।
(४) संस्थापक वा अन्य कुनै व्यक्तिले बैंकबाट कुनै विशेष सहुलियत वा अधिकार पाउनेछैनन् ।
(५) बैंकले आफ्नो कारोबार संचालनकालागि नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यक विनियमहरू बनाई लागु गर्न सक्नेछ ।
(६) बैंकले प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुनले बन्देज लगाएका कार्यहरू गर्न पाउनेछैन ।
(७) बैंकको व्यवस्थापन तथा अन्य प्राविधिक एवं व्यवस्थापन सेवाकोलागि आपसमा मन्जुर गरिएबमोजिमका शर्त तथा बन्देज रहने गरी बैंकले भारतीय स्टेट बैंक (एस. बि. आई.) सँग वा त्यस बैंकले मनोनीत गरेको संस्थासँग एक प्राविधिक सेवा सम्झौता (प्राविधिक सम्झौता) गर्नेछ । त्यस्तो सम्झौता प्रचलित नेपाल कानुनअन्तर्गत रहनेछ ।
(८) बैंकले आवश्यकता महसूस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी बैंकको हितकोलागि परामर्शदाताहरूको सेवा लिन सक्नेछ ।
(९) बैंकले नेपाल राष्ट्र बैंकले तोकेबमोजिमको आफ्नो कूल सम्पत्ति वा जोखिम भारित सम्पत्तिको आधारमा तोकेअनुसारको पुँजी कोषको व्यवस्था गर्नुपर्नेछ ।
(१०) बैंक एक अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्था हुनेछ ।
(११) बैंकको कामकारबाही संचालनकालागि एक छुट्टै छाप हुनेछ, जसको प्रयोग संचालकसमितिले निर्णय गरेबमोजिम हुनेछ ।
(१२) बैंकले आफ्नो नामबाट नालिस उजुर गर्न र यसउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।
(१३) बैंकले प्रचलित कानुनको अधीनमा रही व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, धारण गर्न, खरिद बिक्री गर्न, धितोबन्धक राख्न वा कुनै बेहोराले तह लगाउन सक्नेछ ।
(१४) बैंकका शेयरधनीहरूको दायित्व निजहरूले लिएको वा लिन मन्जूर गरेको शेयरको मुल्यसम्म सीमित हुनेछ ।
(१५) बैंकका सबै कामहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन, बैंकको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानुनबमोजिम संचालन हुनेछन् ।
(१६) **खारेजी र बचाउ :**

(क) बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम बैंकको प्रबन्धपत्र संशोधन गरी इजाजतपत्र प्राप्त गर्नुभन्दा अगावै मिति २०५०।१।१६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना भएको नेपाल एसबिआइ बैंक लि. को उक्त प्रबन्धपत्र खारेज गरिएको छ ।

(ख) माथि उपखण्ड (क) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्रबमोजिम भए गरेका कामकारबाही यसै प्रबन्धपत्रबमोजिम भए गरेको मानिनेछ ।

(ग) माथि उपखण्ड (क) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्रबमोजिम कम्पनी संस्थापना हुँदाका बखत कायम रहेका संस्थापकहरू र निजहरूले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहिछाप, साक्षीहरू तथा निजहरूको सहीछाप, सो प्रबन्धपत्र मस्यौदा गर्ने कानुन व्यवसायीले प्रमाणित गरेको कुरा तथा निजको सहिछापसम्बन्धी सम्पुर्ण विवरणहरू दफा १२ मा उल्लेख भएबमोजिम कायम रहेको मानिनेछ ।

१०. <u>प्रबन्धपत्र बाझिएको हदसम्म निष्क्रिय हूने</u> :

यस प्रबन्धपत्रमा अन्यत्र जूनसूकै कूरा लेखिएको भए तापनि यस प्रबन्धपत्रमा उल्लिखित कूनै व्यवस्थाहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन, प्रचलित कम्पनीसम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्क्रिय वा बदर हूनेछन् र यस प्रबन्धपत्रमा उल्लेख नभएका कूराहरूको हकमा उल्लिखित कानुनबमोजिम हूनेछ ।

११. <u>प्रबन्धपत्रमा संशोधन</u> :

(क) बैंकले यस प्रबन्धपत्रमा कूनै संशोधन गर्नूपर्ने भएमा प्रचलित कम्पनीसम्बन्धी कानुनबमोजिम साधारणसभामा विशेष प्रस्ताव पारित गरी संशोधन गर्न सक्नेछ । त्यस्तो संशोधन कम्पनी रजिष्ट्रारको कार्यालयले अभिलेख जनाएपछि मात्र लागु भएको मानिनेछ ।

(ख) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन, प्रचलित कम्पनीसम्बन्धी कानुन र बैंक तथा वित्तीय संस्थाका सम्बन्धमा लागु हूने अन्य प्रचलित कानुनमा कूनै संशोधन भएमा यस प्रबन्धपत्रमा उल्लिखित व्यवस्थाहरू पनि सोहीबमोजिम स्वत: संशोधन भएको मानिनेछ र सोहीबमोजिम प्रबन्धपत्रमा संशोधन गरिनेछ ।

१२. <u>संस्थापकहरूले तत्काल लिन कबुल गरेको शेयर संख्या</u> :

निम्नबमोजिम नाम, थर, वतन भएका हामी तल हस्ताक्षर गर्ने व्यक्तिहरूले यस प्रबन्धपत्रबमोजिम एक पब्लिक लिमिटेड कम्पनी संस्थापना गरी बैंक व्यवसाय संचालन गर्न इच्छूक भई कम्पनीको जारी पुँजीमा हाम्रा आआफ्ना नामको पछि उल्लेख गरिएको संख्याको शेयर लिन हामी मन्जुर गर्दछौं ।

| सि. नं. | संस्थापकहरूको नाम, थर तथा वतन | लिन मन्जुर गरेको शेयरसंख्या | संस्थापक प्रतिनिधिह रूको हस्ताक्षर | साक्षीहरूको नाम, थर, वतन तथा हस्ताक्षर |
|---|---|---|---|---|
| १. | म्याडम कामा रोड, मूम्बई, भारतमा मूख्य कार्यालय रहेको स्टेट बैंक अफ इण्डियाको तर्फबाट ऐ. का अधिकारप्राप्त उपप्रबन्धनिर्देशक (अन्तर्राष्ट्रिय बैंकिङ्ग) श्री साथिया सलोमन राज | ५,९९,९०० | द. एस. राज | श्री बि.के.दास, सहायक महाप्रबन्धक, स्टेट बैंक अफ इण्डिया, अन्तर्राष्ट्रिय विभाग, केन्द्रीय कार्यालय, मूम्बई |
| २. | म्याडम कामा रोड, मूम्बई, भारतमा कार्यालय रहेको स्टेट बैंक अफ इण्डियाका महाप्रबन्धक श्री आदित्य विकास चक्रवर्ती | २५ | द. ए. बि. चक्रवर्ती | का.न.पा. ज्ञानेश्वर, काठमाडौं बस्ने श्री भरत उप्रेती |

| | | | | |
|---|---|---|---|---|
| ३. | ऐ. कार्यालय भएको ऐ. का सहायक महाप्रबन्धक श्री लिंगराज त्रिपाठी | २५ | द. एल. त्रिपाठी | का.जि. का.न.पा. वडा नं. ३१ बस्ने श्री सूवास नेम्वांग |
| ४. | ऐ. कार्यालय भएको ऐ. का सहायक महाप्रबन्धक श्री वासुदेव सेन | २५ | द. बि.सेन | का.जि. का.न.पा. वडा नं. ३१ बस्ने श्री डिल्लीराज भण्डारी |
| ५. | ऐ. कार्यालय भएको ऐ. का मुख्य प्रबन्धक श्री दिलीप शर्मा | २५ | द. डि.शर्मा | का.जि. महाराजगंज बस्ने श्री महेश नेपाल |
| ६. | का.न.पा. सुन्धारामा केन्द्रीय कार्यालय रहेको कर्मचारी संचय कोषका तर्फबाट ऐ. का अधिकारप्राप्त प्रशासक श्री मुकुन्दप्रसाद घिमिरे | १,८०,००० | द. एम.पी. घिमिरे | का.न.पा. वडा नं १६, नयाँबजार बस्ने श्री संसारभक्त श्रेष्ठ |
| ७. | का.न.पा. रामशाहपथ काठमाडौंमा केन्द्रीय कार्यालय भएको कृषि विकास बैंकका तर्फबाट ऐ. का अधिकारप्राप्त महाप्रबन्धक डा. श्री तिलक रावल | ६०,००० | द. तिलक रावल | का.न.पा. वडा नं. १६, पकनाजोल बस्ने श्री नारायणदास मानन्धर |